आज मिति २०७९ साल माघ ११ गते बुधबार बिहान ११:०० बजे गाउँपालिकाको बैठक हलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा कार्यक्रममा देहाय बमोजिम उपस्थित भयौं।

## -उपस्थिति-

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी 'अशोक' | उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष-१ | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष-२ | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष-३ | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष-४ | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष-५ | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष-६ | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष-७ | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष-८ | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष-९ | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष-१० | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष-११ | |
| १४. | श्री तारामाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | कार्यपालिका सदस्य | कमल |
| १९. | श्री लोक बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २०. | श्री जीतेन्द्र गिरी | नि.प्रमुख प्रशासकीय अधिकृत | |

सहजकर्ता: श्री चन्द्रिका थापा, का.स.

श्री तारानाथ अधिकारी। का.स.

श्री पदम बहादुर तामाङ, का.स.

Scanned with CamScanner

## सम्वत् २०७९ साल माघ ११ गते बुधबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | अघिल्ला कार्यपालिका बैठकका निर्णयहरु समीक्षा सम्बन्धमा। | यस गाउँपालिकाको यस अघि मिति २०७९/०९/२९ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु समीक्षा गरियो। |
| २ | स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन (LISA) को नतिजा सार्वजनिकरण गर्ने सम्बन्धमा । | यस तीनपाटन गाउँपालिकाकाको गत आ.व.०७८/७९ को स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन (LISA) मा सूचक अनुसार स्वःमूल्याङ्कन गरी कागजातहरु अपलोड गर्दा ४७ (सर्चालिस) अङ्क प्राप्त भएकोले सो नतिजा नियमानुसार वेवसाइटबाट सार्वजनिकीकरण गर्ने । |
| ३ | कार्यविधि पारित गर्ने सम्वन्धमा । | गाउँपालिकाको विधेयक समितिबाट प्राप्त निम्न बमोजिम कार्यविधिहरु दफावार छलफल गरी पारित गर्ने ।<br>(क) आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७९<br>(ख) आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्वन्धी मापदण्ड, २०७९<br>निम्न बमोजिम कार्यविधिको मस्यौदा अध्ययन गरी सुझाव भए सो समेत संलग्न राखी आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।<br>(ग) सामुदायिक सिकाई केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९<br>(घ) प्राविधिक शिक्षा छात्रवृत्ति अनुदान व्यवस्थापन कार्यविधि, २०७९<br>(ङ) गाउँ शिक्षक अनुदान व्यवस्थापन कार्यविधि, २०७९<br>(च) पोष्टमार्टम ढुवानी सम्वन्धी कार्यविधि, २०७९ |
| ४ | सामुदायिक स्वास्थ्य इकाई केन्द्रको दरवन्दी निर्धारण सम्बन्धमा । | यस गाउँ कार्यपालिकाको मिति २०७९/०९/१० को निर्णयबाट यस गाउँपालिकाको वडा नं. ६ स्थित भलायोडाँडा, वडा नं. ८ स्थित महभिर, वडा नं. ९ स्थित बतासे र वडा नं. ११ स्थित लम्सारमा स्थापना भएको सामुदायिक स्वास्थ्य इकाई केन्द्र तथा यस गाउँपालिका अन्तर्गतको अन्य सामुदायिक स्वास्थ्य केन्द्रको दरवन्दी निम्न बमोजिम कायम गर्नेः |



Scanned with CamScanner

## सम्वत् २०७९ साल माघ ११ गते बुधबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| | | (क) अ.हे.व., सहायकस्तर चौथो – १ (एक) .<br>(ख) अ.न.मि. सहायकस्तर चौथो – १ (एक)<br>(ग) कार्यालय सहयोगी - १ (एक)<br>➢ माथि उल्लेखित जनशक्तिको शुरु तलब, भत्ता तथा सुविधा कार्यालयले निर्धारण गरेबमोजिम हुने ।<br>➢ कार्यालयले भूगोल, जनसङ्ख्या, आवश्यकता र औचित्यताको आधारमा अ.न.मि., अ.हे.व. वा दुवै जनशक्ति खटाउन सक्ने । |
| ५ | ग्रामिण यातायात गुरुयोजना (RMTMP) सम्बन्धमा । | यस गाउँपालिकाको कार्यालयले इन्जिनियरिङ हेल्पलाइन, कोटेश्वर, काठमाडौंको सेवा परामर्शमा तयार गरेको ग्रामिण यातायात गुरुयोजना (RMTMP) स्वीकृत गर्ने । |
| ६ | पुनः एकीकरण कार्यक्रममा साझेदारी गर्ने सम्वन्धमा । | वैदेशिक रोजगारवाट फर्किएका व्यक्तिहरुका लागि पुनः एकीकरण कार्यक्रमको रु.२६,८४,०००/- (छब्विस लाख चौरासी हजार) को प्रस्तावना स्वीकृत गरी पालिकाले व्यहोर्नुपर्ने पन्ध्र प्रतिशतले हुन आउने लागत रु.४,०२,६००/- (चार लाख दुई हजार छ सय) यस गाउँपालिकाको समपूरक कोषवाट व्यहोर्ने । |



Scanned with CamScanner